# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ९


## हिउँ



सबैभन्दा सरल कुराहरूमा पनि—जस्तै हिउँमा—परमेश्वरको स्वभाव प्रकट हुन्छ।

हिउँ बादलभित्रको पानीबाट बन्छ, जब पानीको बाफ धुलो, परागकण, नुनका कणहरू, वा यहाँसम्म कि जीवाणुजस्ता साना कणहरूमाथि जमेर संघनित हुन्छ। यसरी, प्रत्येक हिमपातले हाम्रो वायुमण्डलबाट प्रदूषक तत्त्वहरू हटाउन मद्दत गर्छ।

प्रत्येक हिमकण अद्वितीय हुन्छ। यो ठीक ६० डिग्रीका कोणहरूमा पूर्ण रूपमा बनेको, छ-बिन्दु भएको ताराजस्तो स्फटिक हो। तपाईंले कति फरक-फरक ताराजस्ता ढाँचाहरू बनाउन सक्नुहुन्छ भनेर कल्पना गर्नुहोस्—सायद १०० पछि तपाईंको सृजनशीलता थाक्ला। तर अनुमान गरिन्छ कि एउटा सामान्य हिमआँधीमा १,००० अर्ब (एक ट्रिलियन) फरक-फरक अद्वितीय हिमकणहरू हुन्छन्।

हिउँले प्रत्येक कणबीच हावा थुनेर एक महत्त्वपूर्ण ताप-रोधकको काम गर्छ। हिउँको यही ताप-रोधक गुणले जाडोमा बिरुवाहरू र जराहरूलाई जम्नबाट जोगाउँछ।

हिउँले माटोमा नाइट्रोजन पनि थप्छ र वसन्तमा खेतबारीलाई पानी पुऱ्याउँछ, जसले राम्रो बालीको आशा दिन्छ। हिउँको संयुक्त सौन्दर्य र उपयोगिता देखेर "यो त आफैं यसरी भयो" भनेर विश्वास गर्नु के उचित छ? हिउँमा परमेश्वरले आफ्नो अनन्त बुद्धि र गहिरो सौन्दर्यबोध प्रकट गर्नुहुन्छ—उहाँलाई सृष्टिकर्ता भनेर स्वीकार गर्नेहरूका लागि।

*"परमप्रभु भन्नुहुन्छ: अब आओ, र हामी आपसमा तर्कवितर्क गरौं! तिमीहरूका पापहरू सिन्दुरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन्..." (यशैया १:१८)*

## सर्वेसर्वा

परमेश्वरले सारा सृष्टिमा जुन स्थान ओगट्नुभएको छ, त्यही स्थान हामीले आफ्ना हृदयमा दिनुपर्छ। हामीले उहाँलाई सर्वेसर्वा बनाउनुपर्छ।

## बाटो — सत्य — जीवन

**येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य, र जीवन म नै हुँ।"**

**(यूहन्ना १४:६)**

मित्रहरू, येशू नै परमेश्वरकहाँ जाने तपाईंको **बाटो** हुनुहुन्छ। पिता परमेश्वरलाई केवल उहाँद्वारा मात्र खोज्ने कुरा निश्चित गर्नुहोस्। उहाँ तपाईंको **सत्य** हुनुहुन्छ; उहाँलाई आफ्नो हृदयमा मजबुतसँग समात्नुहोस्, र धैर्यपूर्ण मनन तथा निरन्तर विश्वासयोग्यताद्वारा, उहाँमा तपाईंले पहिल्यै पाएका सबै दिइएका धनहरूबाट आफूलाई अझ समृद्ध बनाउनुहोस्। उहाँ तपाईंको **जीवन** हुनुहुन्छ; उहाँसँग टाँसिनुहोस्, र उहाँमा भएको जीवित आत्मा तपाईंभित्र प्रवेश गरेर तपाईंलाई सबै प्रकारका मृत्युहरू—यस संसारका र अनन्तका—माथि विजय पाउने बनाओस्।

उहाँलाई केवल इतिहासको व्यक्ति जस्तो होइन, वा केवल दिमागको ज्ञानले होइन, तर मित्रको रूपमा चिन्नुहोस्, किनकि मित्रलाई चिन्नु सत्यलाई मात्र जान्नुभन्दा धेरै गहिरो कुरा हो।

"अनि तिनीहरूले तपाईं एकमात्र साँचो परमेश्वरलाई र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् — अनन्त जीवन यही हो।" (यूहन्ना १७:३)

- Fellowship

## डर छैन भने अनुग्रह पनि छैन

यो भनाइ जोन बन्यानको हो। "यद्यपि नरकको डर भएको ठाउँमा सधैं अनुग्रह हुन्छ भन्ने छैन, तर यो निश्चित छ—जहाँ परमेश्वरको डर छैन, त्यहाँ अनुग्रह हुँदैन।" फेरि उनले भने, "म त्यस्तो स्वीकारोक्तिको बिल्कुलै वास्ता गर्दिनँ, जसको सुरुवात मनको गहिरो दुःख वा भारबाट हुँदैन.... किनकि परमप्रभुको भय नै बुद्धिको सुरुवात हो, र जससँग सुरुवात छैन, तिनीसँग न त बीच हुन्छ न त अन्त्य।"

*"तर म त्यस मानिसलाई, अँ, त्यसैलाई हेर्नेछु, जो दीन र चूर्ण आत्माको छ र मेरो वचन सुनेर थरथर काम्छ।" (यशैया ६६:२)*

© 2026 WORDOFTRUTH.COM.NP

## *परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?*

अध्याय ३ [४ मध्ये भाग १]

# कनानको विजयदेखि यहूदाको पतनसम्म

## कनानको विजय र बाँडफाँड

जब इस्राएलले कनानमा प्रवेश गरी त्यसमाथि आक्रमण गर्न यर्दन नदी पार गर्ने समय आयो, परमेश्वरले राष्ट्रको पक्षमा गर्नुभएको कार्य फेरि एकपटक स्पष्ट रूपमा देखापऱ्यो। पहिलो, कनानमाथि नियन्त्रण राख्दै आएको मिस्रले आफ्नो प्रभुत्व छोडिदियो, यद्यपि उसँग त्यसलाई निरन्तर कायम राख्ने पर्याप्त सामर्थ्य र साधनहरू थिए। दोस्रो, परमेश्वरले चमत्कारिक रूपमा यर्दन नदीका पानीहरू रोक्नुभयो र नदीको तल्लो भाग सुख्खा पार्नुभयो, ताकि इस्राएल सहजै कनानमा पार गर्न सकोस् (यहोशू ३)। तेस्रो, परमेश्वर विशेष स्वरूपमा इस्राएलका नयाँ अगुवा यहोशूकहाँ प्रकट हुनुभयो। उहाँले देश विजय गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिनुभयो र यहोशूलाई स्मरण गराउनुभयो कि विजय अन्ततः परमेश्वरमै निर्भर हुन्छ (यहोशू ५:१३–१५)।

जब परमेश्वरले इस्राएललाई यरिकोमा पहिलो महान् विजय दिनुभयो (यहोशू ६), तब शैतानले आक्रमण गऱ्यो।



परमेश्वरले इस्राएलीहरूलाई यरिकोबाट कुनै कुरा पनि आफ्ना लागि नराख्न आज्ञा दिनुभएको थियो (यहोशू ६:१७–१९)। तर एक जनाले आज्ञा उल्लङ्घन गऱ्यो। यसको परिणामस्वरूप, इस्राएलले अर्को शहर ऐमाथि आक्रमण गर्दा कठोर पराजय भोग्नुपऱ्यो। शैतानले राष्ट्रभित्र व्यापक अवज्ञा फैलाउन थालेको चालको प्रत्युत्तरस्वरूप, परमेश्वरले दोषी मानिस र उसको परिवारलाई ढुङ्गाले हानेर मार्न आदेश दिनुभयो (यहोशू ७)।

शैतानको अर्को आक्रमणले इस्राएललाई अप्रत्याशित रूपमा समात्यो। इस्राएललाई तिनीहरूको पतनशीलतामा सङ्क्रमित गराउनका लागि केही भ्रष्ट कनानीहरूलाई जोगाइराख्ने दृढ सङ्कल्प शैतानले गरेको थियो। गिबोन शहरका मानिसहरूले आफूहरू कनानी होइनौं भन्ने विश्वास इस्राएलमा दिलाउँदै छल गरे। परमेश्वरसँग पहिले सल्लाह नगरी, इस्राएलले गिबोनीहरूलाई नष्ट नगर्ने करार गऱ्यो। यसरी, ती मूर्तिपूजक मानिसहरूलाई इस्राएलको बीचमै बसिरहन अनुमति दिइयो (यहोशू ९)।

जब देश बाँडफाँड गरियो, परमेश्वरले लेवीहरूलाई देशभरि विभिन्न शहरहरू दिनुभयो। यी शहरहरू व्यवस्थाको शिक्षाको केन्द्रहरू हुनुपर्ने थियो (यहोशू २१:१–४२)। उद्धारकर्ताको राष्ट्रलाई सत्यत्यागबाट जोगाइराख्ने परमेश्वरको यही उपाय थियो।

यहोशू आफ्नो मृत्यु हुनुअघि इस्राएललाई व्यवस्थालाई पालन गर्ने वा तोड्ने परिणामहरूबारे चेतावनी दिए, र तिनीहरूलाई मूर्तिपूजकहरू तथा तिनका चालचलनहरूबाट आफूलाई अलग राख्न, र परमेश्वरको सेवा गर्न आग्रह गरे (यहोशू २३–२४)। उद्धारकर्ता आउन सकून् भनेर इस्राएलको अस्तित्व सुरक्षित रहन यी कुराहरू अत्यावश्यक थिए।

## न्यायकर्ताहरूको काल

यहोशूको मृत्यु भएपछि इस्राएललाई अगुवाइ गर्न कुनै विशेष, परमेश्वरभक्त व्यक्ति उपलब्ध रहेन, र राष्ट्रसँग कुनै केन्द्रीय शासन व्यवस्था पनि थिएन। शैतानले यस अवस्थालाई आफ्नो आक्रमण तीव्र पार्ने उपयुक्त अवसर ठान्यो। यसको परिणामस्वरूप, आगामी ३५० वर्षसम्म इस्राएलको इतिहास सत्यत्याग र अराजकताले भरियो। राष्ट्रले परमेश्वरको व्यवस्था तोड्यो, किनकि "हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो, त्यही गर्थ्यो” (न्यायकर्ता २१:२५)।




शैतानले यस दुःखद अवस्थालाई उत्पन्न गर्न इस्राएलीहरूको अवज्ञाका तीन प्रकार प्रयोग गऱ्यो। पहिलो, परमेश्वरले आज्ञा गर्नुभएको अनुसार मानिसहरूले देशबाट सबै कनानीहरूलाई पूर्ण रूपमा हटाएनन् (न्यायकर्ता १:१–२:५)। दोस्रो, इस्राएलीहरूले कनानीहरूको बाल र अश्तारोतको पूजा अपनाउन थाले (न्यायकर्ता २:६–३:४)। तेस्रो, परमेश्वरको आदेशको प्रत्यक्ष उल्लङ्घन गर्दै परमेश्वरका जनहरूले कनानीहरूसँग विवाह गरे (न्यायकर्ता ३:५–६; व्यवस्था ७:१–५)।

यस सत्यत्यागको परिणामस्वरूप, इस्राएलीहरूले अत्यन्त विकृत कामहरू गर्न थाले। बेइमानी, चोरी, परिस्थितिअनुसार नै ठीक–बेठीक ठान्ने सोच, पैसा र पदको लोभमा मूर्तिपूजा गराउने पूजाहारीहरू, समलैङ्गिकता, महिलामाथि यौन दुर्व्यवहार गरी मृत्युसम्म पुऱ्याउने क्रूरता, र यौन विकृतिहरूलाई दण्डबाट जोगाउन दृढ प्रयास—यी सबै त्यस समयको सामान्य अवस्था बने (न्यायकर्ता १७–२०)।

इस्राएलको इतिहासको यस अवधिमा सत्यत्याग कहिल्यै पनि एकैपटक सम्पूर्ण राष्ट्रभरि फैलिएको थिएन। बरु, यो छिटपुट रूपमा, फरक–फरक समयमा विभिन्न क्षेत्रमा देखा पर्थ्यो। निश्चय नै शैतानले प्रत्येक सत्यत्यागको सुरुवात राष्ट्रभरि फैलियोस् भन्ने आशा गरेको थियो, तर परमेश्वरले प्रत्येक पटक यो ठूलो रूपमा बढ्नुअघि नै रोक्नुभयो। जब–जब सत्यत्याग सुरु हुन्थ्यो, परमेश्वरले सत्यत्याग गर्नेहरूलाई दबाउन एउटा विदेशी शक्तिलाई उठाउनुहुन्थ्यो, जबसम्म तिनीहरूले पश्चात्ताप गरेर उहाँतर्फ फर्कँदैनथे। तिनीहरूको पश्चात्तापपछि परमेश्वरले इस्राएलबाटै एक उद्धारकर्ता उठाउनुहुन्थ्यो, जसले त्यो दमनकारी शक्तिलाई हटाइदिन्थ्यो। सत्यत्याग, दमन, पश्चात्ताप, र उद्धारको यो चक्र न्यायकर्ताको कालभरि धेरै पटक दोहोरियो (न्यायकर्ता ३:७–१६:३१)। यसरी, शैतानको राज्यले बारम्बार आफ्नो दुष्ट काम गरे तापनि, परमेश्वरले सत्यत्याग राष्ट्रव्यापी हुन नदिई राष्ट्रलाई सुरक्षित राख्नुभयो।




## शमूएलको सेवकाइ

न्यायकर्ताको कालमा इस्राएल बारम्बार सत्यत्याग-तर्फ भट्किन नदिई त्यसलाई अन्त्य गर्न परमेश्वरले सम्पूर्ण राष्ट्रका लागि एक बलियो र परमेश्वरभक्त अगुवा उठाउनुभयो। त्यस अगुवाको नाम शमूएल थियो (१ शमूएल १–३)।

शमूएलले गम्भीर राष्ट्रिय सङ्कटका दिनहरूमा सेवा गर्न सुरु गरे। पलिश्तीहरूले इस्राएललाई पराजित गरेका थिए र करारको सन्दूक लुटेर लगेका थिए, अनि महापूजाहारी पनि मरेका थिए। राष्ट्र ठूलो हलचल र अव्यवस्थामा थियो। शमूएलले राष्ट्रलाई एकत्रित गराएर परिस्थितिको नियन्त्रण लिए। उनले मानिसहरूलाई आफ्नो सत्यत्यागबाट पश्चात्ताप गर्न, आफ्ना झूटा देवताहरू हटाउन, र परमेश्वरतर्फ फर्कन निर्देशन दिए। मानिसहरूले यी सबै गरे। यसको परिणामस्वरूप, शमूएल जीवित रहुञ्जेल परमेश्वरले इस्राएललाई सबै दमनकारीहरूबाट छुटकारा दिनुभयो (१ शमूएल ४:१–७:१४)।

जब शमूएल वृद्ध भए, उनले आफ्ना छोराहरूलाई न्यायकर्ता नियुक्त गरे, तर तिनीहरू भ्रष्ट थिए। शैतानले यही भ्रष्टता प्रयोग गरेर इस्राएलीहरूलाई शमूएलसँग एक राजा माग्न उक्सायो। इस्राएलले परमेश्वर राजा हुनुहुने ईश्वर-शासनको सट्टा मानव राजा भएको राजतन्त्र चाहन्थ्यो। शमूएलले यस पापपूर्ण निर्णयको विरोध गरे र मानिसहरूलाई चेतावनी दिए कि अन्ततः तिनीहरूले मानव राजा भएकोमा पछुताउनेछन्। तर इस्राएलीहरूले आफ्नै इच्छा पूरा गर्न जिद्दी गरे (१ शमूएल ७:१५–८:२२)। त्यसैले, परमेश्वरले शमूएललाई शाऊललाई अभिषेक गरी पहिलो राजाका रूपमा प्रस्तुत गर्न निर्देशन दिनुभयो (१ शमूएल ९–१०)।

सेवकाइबाट अवकाश लिनुअघि शमूएलले इस्राएललाई उसको पापको लागि कडा रूपमा हप्काए र यो चेतावनी दिए कि नाश नहोस् भनेर तिनीहरूले सम्पूर्ण हृदयले परमेश्वरको भय मान्दै उहाँको सेवा गर्नुपर्छ (१ शमूएल १२)। अत्यन्त संकटपूर्ण समयमा उद्धारकर्ताको राष्ट्रको अस्तित्व जोगाइराख्न शमूएल परमेश्वरले उठाउनुभएको “त्यस घडीका व्यक्ति” थिए।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमश: आगामी अंकमा)*

***“अहिले उहाँलाई नदेखे तापनि विश्वास गरेर तिमीहरू उहाँमा बयान गरेर नसकिने र महिमाले भरपूर भएको आनन्दले खूबै आनन्द मनाउँछौ” (१ पत्रुस १:८)***

ख्रीष्टियनको यो आनन्द किन यति अवर्णनीय र महिमाले भरिएको हुन्छ? मलाई लाग्छ, यसको कारण यो हो कि यो पूर्ण रूपमा ईश्वरीय आनन्द हो। यो परमेश्वरकै आनन्द हो; यो ख्रीष्टकै आनन्द हो। के तपाईं अनुमान गर्न सक्नुहुन्छ—परमेश्वरको आनन्द के हो? सायद सक्नुहुन्न; तर प्रत्येक ख्रीष्टियनको भित्र परमेश्वरको आनन्दको केही अंश हुन्छ। किनकि परमेश्वर ख्रीष्टमा आनन्दित हुनुहुन्छ र आफूलाई येशूमा महिमा दिनुहुन्छ, र त्यसै गरी हामी पनि उहाँमा आनन्दित हुन्छौँ र उहाँमै गर्व गर्छौँ—उहाँलाई हामीले नदेखे पनि, उहाँलाई प्रेम गर्छौँ।

- चार्ल्स स्पर्जन

## मनन

जसरी आगोले हामीलाई तातो दिँदैन, यदि हामी त्यसको नजिक केही समय बस्दैनौँ भने, र जसरी मौरीले फूलमा बसेर मात्र मह चुस्न सक्छ, त्यसै गरी परमेश्वरको कुनै पनि सन्तानले परमेश्वरका प्रतिज्ञाहरूबाट सहारा र सान्त्वना पाउन सक्दैन, जबसम्म उसले तिनलाई गम्भीरतापूर्वक र श्रद्धापूर्वक विचार र मनन गर्दैन।

# तपाईं कुन दिशातर्फ जाँदै हुनुहुन्छ?




एक पटक एउटा प्राध्यापकले सडकमा हिंड्दै गर्दा अर्को प्राध्यापकलाई सोधे, "के तपाईंले खाना खानुभयो?" उत्तर आयो, "यदि म घरतर्फ जाँदैछु भने, खाएको छैन। यदि म विद्यालयतर्फ जाँदैछु भने, खाइसकेको छु!"

अब **तपाईंका** लागि अझै महत्त्वपूर्ण प्रश्न यो हो: "के तपाईंले पापबाट उद्धार पाउनका लागि प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा लिनुभएको छ???"

तपाईं कुन दिशातर्फ जाँदै हुनुहुन्छ भन्ने कुराबाट तपाईंले निश्चित गर्न सक्नुहुन्छ! आफ्नो जीवन जाँच्नुहोस् —के तपाईंमा तपाईं **नयाँ जन्म** पाउनुभएको **प्रमाण** छ? वा तपाईंले केवल बाहिरी रूपमा स्वीकारोक्ति मात्र गर्नुभएको हो, जसले कहिल्यै वास्तविक उद्धार ल्याएन?

तपाईंले साँच्चै के गर्नुभएको छ भनेर कसरी थाहा पाउनुहुन्छ? — तपाईं अहिले बाँचिरहेको जीवनबाट। यदि तपाईं अझै पनि संसारिक र पापपूर्ण कुराहरूमा आनन्द लिइरहनुभएको छ, पुरानै जीवन बाँचिरहनुभएको छ, र परमेश्वरभन्दा बढी आफैंलाई खुशी पार्न चाहनुहुन्छ भने, तपाईंको हृदय शुद्ध भएको **छैन**। तपाईं नरकतर्फ जाँदै हुनुहुन्छ, र उत्तर यस्तो हुन्छ: "**होइन**! मैले प्रभु येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाता रूपमा ग्रहण गरेको छैन।"

तर, यदि तपाईं आफ्नो हृदयमा बस्न आउनुभएको ख्रीष्टलाई खुशी पार्न प्रयास गर्दै हुनुहुन्छ, बाइबल पालन गर्न चाहनुहुन्छ, र आत्मिक सत्यताहरूमा बढ्दै जानुहुन्छ भने, तपाईं नयाँ जन्म पाउनुभएको छ, स्वर्गतर्फ जाँदै हुनुहुन्छ, र त्यो महत्त्वपूर्ण प्रश्नको उत्तर यस्तो हुन्छ: "**हो**! मैले पापबाट उद्धार पाउन प्रभु येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाता रूपमा ग्रहण गरेको छु!" - God's Order

***"अनि संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि, तर जसले परमेश्वरको इच्छा पालन गर्छ, ऊ सदासर्वदा रहन्छ" (१ यूहन्ना २:१५)।***

यहाँ हाम्रो भाग छोटो जीवन
छोटो दु:ख, क्षणिक चिन्ता।

अन्त्य नहुने जीवन,
आँसु नहुने जीवन त्यहाँ छ।

त्यहाँ परमेश्वर,
हाम्रा राजा र भाग,
उहाँको अनुग्रहको पूर्णतामा,
हामी सधैँभरि देख्नेछौँ,
र मुखामुख पूज्नेछौँ।

— Bernard of Cluny

***"किनकि म ठान्दछु, यस वर्तमान समयका दु:खकष्टहरू त्यस महिमासँग तुलना गरिने योग्यका छैनन्, जो हामीमाथि प्रकट हुनेछ।" (रोमी ८:१८)***

आफ्नो भित्री पापी स्वभावमाथि कुनै पनि हदसम्म विजय पाउने आशा कसैले नगरोस्, जबसम्म उसले आफ्नै कमजोरीमा बारम्बार प्रभुकहाँ बल पाउन जाँदैन। अरूसँग मिलेर गरिने प्रार्थना वा भाइबहिनीसँगको संगतले पनि एकान्तमा गरिने गुप्त प्रार्थनाको स्थान लिन सक्दैन।

- जर्ज म्यूलर

# बोलेको कुरा पूरा गरौं

यदि हामी फोन गर्छौँ भन्छौँ भने—फोन गरौँ।
यदि लेख्छौँ भन्छौँ भने—लेखौँ।
यदि भेट्छौँ भन्छौँ भने—भेटौँ।
यदि काम गर्छौँ भन्छौँ भने—त्यो काम गरौँ।
यदि प्रार्थना गर्छौँ भन्छौँ भने—प्रार्थना गरौँ।
यदि दिन्छौँ भन्छौँ भने—दिऔँ।
यदि प्रेम गर्छौँ भन्छौँ भने—प्रेम गरौँ।

मानिसहरूले अचम्म मान्दै मलाई भनेका छन्, "तपाईंले भन्नुभएको कुरा साँच्चै गर्नुभयो! तपाईंले लेख्नुभयो, फोन गर्नुभयो, आउनुभयो, मद्दत गर्नुभयो, बोलेको कुरा पूरा गर्नुभयो!"

ख्रीष्टियनको दैनिक जीवनमा देखिने सरल र विश्वासयोग्य आचरणले, जीवनभर गरिने धेरै प्रचारभन्दा पनि, अरू मानिसहरूमा विश्वास र निष्ठा जगाउन बढी प्रभाव पार्छ। यसले आजका मानिसहरूलाई केवल हामीलाई विश्वास गर्न मात्र होइन, अन्ततः प्रभु ख्रीष्टलाई पनि चिनेर उहाँमाथि विश्वास गर्न प्रेरित गर्छ।

– डब्लू. फिलिप केलर

***यदि तपाईंलाई कुनै आत्मिक निर्णय गर्न सहायता चाहिन्छ भने, यो पत्रिका तपाईंलाई उपलब्ध गराउने मित्रहरूसँग सम्पर्क गर्न हामी सुझाव दिन्छौं। उहाँहरूको परिचय तल दिइएको छ।***